# मिति २०७८।०३।१९ गतेको ५५ औं गाउँ कार्यपालिकाका प्रस्ताव तथा निर्णयहरु।

## प्रस्तावहरु :

१. गाउँ कार्यपालिकाको ५४ औं बैठकको समिक्षा सम्वन्धमा।

२. मल्लरानी गाउँपालिकाको विनियोजन विधयक २०७८ र आर्थिक विधेयक २०७८ माथि छलफल सम्वन्धमा।

३.मल्लरानी गाउँपालिकाको स्थानीय पाठ्यक्रम सम्वन्धमा।

४. आर्थिक सहयोग सम्वन्धमा।

५.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ व २०७८।७९ मा वडा कार्यालयहरु बाट संचालन हुने योजनाको छनौट सम्वन्धमा ।

६. गाउँपालिकाको आ व २०७८।०७९ को बजेट बक्तव्य सम्वन्धमा।

७. महिला बालवालिका कार्यालय हस्तान्तरण सम्वन्धमा।

८. स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा।

९. बजेट विनियोजन सम्वन्धमा।

१०. भवन उपलव्ध गराउने सम्वन्धमा।

## निर्णयहरु :

**निर्णय नं १ :** मिति २०७८।०२।१९ गतेको ५४ औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समिक्षा गरियो र कार्यान्वयन चरणमा रहेका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न र कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनको लागि सम्वन्धित शाखा र वडा कार्यालयलाई निर्देशन दिईयो।

**निर्णय नं २ :** मल्लरानी गाउँपालिकाको आर्थिक विधयेक २०७८ र विनियोजन विधयेक २०७८ माथि छलफल गरि सर्वसम्मतले पारित गरियो र अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३ :** मल्लरानी गाउँपालिकाको स्थानीय पाठ्यक्रम संशोधन सहित पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ४ :** मल्लरानी गाउँपालिका वडा नं ४ निवासी श्री मिठा श्रेष्ठको नाममा दर्ता श्रेष्ता कायम रहेको घर मिति २०७८।०३।०७ गते का दिन आएको अविरल वर्षाको कारणले भत्किन गई पूर्ण रुपमा क्षति भएले निजलाई रु १००००। दश हजार मात्र सहयोग स्वरुप उपलब्ध गराउने गर्ने निर्णय गरियो।

**निर्णय नं ५** यस मल्लरानी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ व २०७८।७९ मा वडाहरुवाट तपसिलका योजनाहरु छनौट गरि गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो।

तपसिल

**वडा नं १ तर्फ**

- अमिलपाटा वरमोते खोला घो वा
- जेकुपानी गैरा घो वा
- लुक्का खमिगाडे घो वा

- पिपलनेटा खजुरे घो वा
- खौलिपोखरि सानिलेख घो वा
- गैरा मसानघाट घो वा
- सुँगुरे मसानघाट घो वा
- मसिका सालघारी घो वा
- सिदुरे ढाडापानी घो वा
- ओखरी गोवन पानी घो वा

**वडा नं २ तर्फ**

- माझदिप सरस्वती प्रा वि अईरावारी हुँदै देउराली घो वा
- पालुकाथान भकुन्डे घो वा
- खन्निखोला वडा कार्यालय घो वा
- गुन्टा देखि सिउते घो वा
- चौतारा चुँजाठाटी पालुसिद्ध प्रा वि वुच्चेना घो वा
- अमरमावि लौरीखानी घो वा
- चिउरीवगर माझादिप वराहथान सालघारी दमारा घो वा
- भैसामारे दोखामे घो वा
- उपल्लो गौडिदेवी नामदिक घो वा
- चुँजाखर्क जनकल्याड जगदम्वा प्रा वि घो वा
- विभिन्न रिचार्ज पोखरि निर्माण
- पहिरो ग्रसित क्षत्रमा वृक्षारोपण

**वडा नं ३ तर्फ**

- जारकोट बट्टाकुरा कुसुनडाँडा वडा भवन मो वा
- निसानटाकुरा निसानेश्वर शिवमन्दिर निर्माण
- रस्पुरकोट भुमेथान तथा चौपारी निर्माण
- कुसुमकोट मुनडाँडा खा पा मर्मत
- उपल्लो छहरे मुन्डाँडा खा पा मर्मत।
- वडा नं ३ का सम्पूर्ण मो वा र घो वा मर्मत।

वडा नं ४ तर्फ

- लाम्वेला भट्टाचौर देखि नेवाटोल सम्म मो वा मर्मत
- तल्लो लाम्वेला देखि मानिचौर सम्म गो वा
- तल्लो वाँसखोला देखि उपल्लो वाँसखोला सम्म मो वा
- कयरा देखि कालिपात्ला सम्म गो वा
- फोहोरमैला डम्पिङ लाममेला
- नयाचौतारा धाराखोला देखि सिरना सम्म गो वा
- कजुवाखोला देखि सालघारी हुँदै खोला सम्म गो वा
- स्वामिखोला देखि जनजागृति मा वि सम्म गो वा
- शिक्षा तथा समन्वय ईकाई देखि टिमुरेचौतारा सम्म गो वा
- टुनिखेल देखि हिटी सम्म गो वा
- धर्मशाला देखि झोलुङ्गेपुल सम्म गो वा
- देसिनिडाँडा हिलपार्क निर्माण

**वडा नं ५ तर्फ**

- कालाखोला सिम मोटरवाटो
- वेल्डाँडा बैद्धचौर मोटरबाटो
- घैडाँडा पुच्छारा वैखोला घो वा
- जोरपोखरि भुमे मन्दिर घो वा
- पिपलनेटा चिसापानी घो वा
- रिङ्खिखर्क कान्द्रे खोला घो बा
- दरभाने वडा कार्यालय घो बा

**निर्णय नं ६ :** आ व २०७८।७९ को बजेट तथा कार्यक्रम(बजेट बक्तव्य सहित) सर्वसम्मतले पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** जिल्ला समन्वय समितिले यस गाउँपालिकालाई हस्तान्तरण गरेको वडा नं ४ स्थित साविक महिला बालवालिका कार्यालय भवन श्री निर्वाचन कार्यालय प्यूठानलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन संशोधन सहित पारित गरि स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :** मल्लरानी गाउँपालिका वडा नं २ को नवनिर्मित वडा कार्यालय भवनमा अविरल वर्षाका कारणले पहिरो गई आंशिक रुपमा क्षति पुगेकोले उक्त कार्यालय मर्मत सम्भारका लागि गाउँपालिकाको मर्मत सम्भार कोष बाट रु १०००००। एक लाख मात्र विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं १०:** मल्लरानी गाउँपालिकाको आफ्नै भवन नभएका कारण हिंसा पिडित महिलाका लागी अल्पकालिन सेवा केन्द्र मल्लरानी गाउँपालिका आफैले संचालन गर्ने कार्य सर्वसम्मतले पारित गर्ने निर्णय गरियो र भवन उपलब्ध गराईदिनुहुन जिल्ला समन्वय समिति प्यूठानलाई लेखि पठाउने निर्णय गरियो ।

Scanned with CamScanner